बलेफी गाउँपालिका

ཝ་ལེ་ཕི། གྲོང་པ་ལི་ཀ།

# गाउँ कार्यपालिकाको कार्यालय

बलेफी, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्या: २०८३/०८४
~~चलानी~~ सूचना नं. : ०१

मिति: २०८३।०४।०१

## सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धी सूचना।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०८२ (तेस्रो संशोधन) को नियम (९) बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै लाभग्राहीहरूले प्रत्येक आर्थिक वर्षको असोज मसान्तभित्र अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्ता नवीकरण गराउनु पर्ने व्यवस्था रहेको छ । तसर्थ, सम्बन्धित लाभग्राहीहरू आफ्नो **वडा कार्यालय वा अस्थायी बसोबास रहेको वडा कार्यालय (बायोमेट्रिक गरिसकेको अवस्थामा) स्वयम् उपस्थित भई, बायोमेट्रिक प्रणालीद्वारा (जैविक पहिचानका आधारमा)** मिति २०८३ श्रावण ०१ गते देखि असोज मसान्तभित्र सामाजिक सुरक्षा भत्ता नवीकरण गर्नको लागि तपसिलमा उल्लेखित कागजात सहित नवीकरण गराउनहुन सम्बन्धित लाभग्राहीहरूको जानकारीको लागि अनुरोध छ ।

तपसिल:

१. सामाजिक सुरक्षा भत्ता परिचयपत्रको प्रतिलिपि।

२. राष्ट्रिय परिचयपत्रको प्रतिलिपि।

३. अपाङ्गता भएकाहरुको हकमा अपाङ्गता परिचय पत्र तथा १६ वर्ष भन्दा मुनिको लाभग्राहीको हकमा संरक्षकको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि।

४. बालबालिकाको हकमा जन्मदर्ताको प्रमाण-पत्रको प्रतिलिपि र संरक्षकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

५. विधवाको हकमा पतिको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि।

**(नोट: तोकिएको समय सीमा भित्र नवीकरण नगराएको खण्डमा श्रावण महिनादेखिको सामाजिक सुरक्षा भत्ता भुक्तानी नहुने हुँदा त्यसबाट लाभग्राहीमा पर्ने असुविधा प्रति कार्यालय जावफदेही हुने छैन ।)**

२०८३।०४।०१

होम बहादुर राउत
प्रमुख प्रशासकीय अधिकृत